बैठक संख्या :- १६/०७६।०७७
मिति :- २०७६।११।१२

पौवादुङमा गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री किरन राईज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी संचालन गरियो ।

उपस्थिति

१ अध्यक्ष श्री किरन राई [हस्ताक्षर]
२ उपाध्यक्ष श्री सम्झना राई
३ सदस्य श्री जितेन्द्र राई [हस्ताक्षर]
४ " श्री बम कु राई [हस्ताक्षर]
५ " श्री त्रिभु बी कार्की [हस्ताक्षर]
६ " श्री रुपा कु राई [हस्ताक्षर]
७ " श्री इल कु राई
८ " श्री दिपक राई [हस्ताक्षर]
९ " श्री भगवती राई
१० " श्री हिउरा तामाङ
११ " श्री बिरेन्द्र तामाङ [हस्ताक्षर]
१२ " श्री पवित्रा कटुवाल पवित्रा
१३ " श्री ओमप्रकाश कुँवर [हस्ताक्षर]
१४ " श्री रत्नमाया किरात [हस्ताक्षर]
१५ सचिव श्री रमेश राई

अन्य कर्मचारी उपस्थिति

१ अधिकृत ईं. सुरेन्द्र राई [हस्ताक्षर]
२ रामु हाङ राई - [हस्ताक्षर]
३ बुद्धीमान तामाङ - [हस्ताक्षर]

प्रस्तावहरु :-

१, सडक संरक्षण सम्बन्धमा ।

प्रस्ताव नं १ माथि छलफल गर्दा आ.व. आ.व. २०७६।७७ मा स्वीकृत वार्षिक बजेट अनुसार सडक निर्माण तथा संरक्षण शिर्षकमा विनियोजित रकम- लाई निर्माण र मर्मत तथा निरन्तर कार्यमा एकमुष्ट

[हस्ताक्षर]

पौवादुङमा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय च्याङ्ग्रे, भोजपुर १ नं. प्रदेश, नेपाल

बजेट विनियोजित भएको मध्येबाट संशोधन गर्नुपर्ने अनुमानित रकमलाई एकिन गरी गाउँ सभाबाट पारित भएको खर्च लागत दरको आधारमा हुन आउने रकम कायम गरी वडागत रूपमा विनियोजित भएको रकमबाट खर्च गर्ने गरी प्राविधिक परामर्शदाता नियम अनुसार व्यवस्था गर्ने निर्णय गरियो।

२, कर्मचारी नियुक्ती तथा पदस्थापन सम्बन्धमा
प्रस्ताव नं २ लाई छलफल गर्दा यस कार्यालय बाट मिति २०७६।०५।२९ मा प्रकाशित सूचना अनुसार यस कार्यालय लाई आवश्यक विभिन्न पदको मिति २०७६।१०।२६ मा लिइएको अन्तर्वार्तामा सफल उमेदवार हरुको कार्यालयबाट मिति २०७६।११।११ मा प्रकाशित नतिजा अनुसार देहायका उमेदवार सफल भएकोले उक्त नतिजालाई अनुमोदन गरी कार्यालयबाट नियमानुसार नियुक्ति तथा पदस्थापन गर्ने निर्णय गरियो।

देहाय

* अ. हे. व.
१, रोशन श्रेष्ठ
२, रुकमती राई
३, दिनेश गजुरेल
४, मिना दाहाल
५, सरिता राई

* अ. न. मी.
१, प्रियंका राई
२ खेवन्ते मेहराई
३ सिर्जना श्रेष्ठ
४, विपना राई

* आइटी अफिसर
१, मुकेश राई

* फिल्ड सुपरभाईजर
१, दिपेन राई

पौवादुङमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याङग्रे, भोजपुर
१ नं. प्रदेश, नेपाल

२०७७ निर्णयहरु

१, स्वनिल कुमार सिंह

३, ~~स्वेदन~~ प्रकट तथा प्रेस विज्ञप्ती निकाल्ने सम्बन्धमा

प्रस्ताव नं ३ माथि वृहत छलफल गर्दा पौवादुङमा गाउँ कार्यपालिकाको प्राविधिक लगानीमा निर्माणाधिन वडा नं २ र ४ को प्राथमिक स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्बन्धी सामग्रीहरु तिवारीमञ्ज्याङबाट बाल्तीम निर्माणस्थल सम्म हस्तान्तरण गर्ने क्रममा मिति २०७६।११।०८ गतेका दिन पौवादुङमा २ तिवारीमञ्ज्याङका ~~[illegible]~~ केही व्यक्तिहरु बाट कुट हुज्जत तथा गाली गलौज गर्ने कार्य भएकोमा बैठक समक्ष जानकारी प्रस्तुत भई गम्भीर ध्यानाकर्षण भएकोले उक्त कार्यको घोर भर्त्सना गर्दै खेद व्यक्त सहितको प्रेस विज्ञप्ती प्रकाशन गर्ने निर्णय पारित गरियो। साथै उक्त घटनाप्रति जिल्ला प्रशासन कार्यालय भोजपुरलाई जानकारी गराउने साथै जिल्ला प्रहरी कार्यालय भोजपुरलाई समेत जानकारी गराई घटनाका दोषीहरुलाई कारवाहीको दायरामा नल्याएमा पछि बाट उत्पन्न हुने सम्पूर्ण समस्याहरुको जिम्मेवार पक्षले लिनु पर्ने समेत ध्यानाकर्षण गराउँदै सर्वसहमति बाट निर्णय पारित गरियो, साथै आजको बैठक समापन गरिएको जानकारी गराइन्छ।

पौवादुङमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
१ नं. प्रदेश, नेपाल



बैठक संख्या - १८/२०७६/७७

मिति - २०७६/११/१४

आज यस पौवादुङमा गाउँपालिकाको कार्यालयमा गाउँ-कार्यपालिका अध्यक्ष श्री किरण राईज्यूको अध्यक्षतामा देहायका उपस्थित सदस्यहरुको साथ देहायका प्रस्तावहरुमाथि छलफल गरी देहायको निर्णय गरियो :-

१. अध्यक्ष श्री किरण राई
२. उपाध्यक्ष श्री सरस्वती राई
३. सदस्य श्री वन किराती राई
४. सदस्य श्री तिर्थ बहादुर कार्की
५. सदस्य श्री दिपक राई
६. सदस्य श्री जितेन्द्र राई
७ सदस्य श्री पूर्ण बहादुर राई
८ सदस्य श्री दल बहादुर राई
९ सदस्य श्री भगवती राई
१० सदस्य श्री इन्दिरा ~~राई~~ तामाङ
११ सदस्य श्री विष्णु तामाङ
१२ सदस्य श्री पवित्रा कटुवाल
१३ सदस्य श्री ओम प्रकाश भुजेल –
१४ सदस्य श्री पूर्ण माया वि.क.
१५ सदस्य सचिव श्री रमेश राई
१६ माइन्यूट सहयोगी श्री आङलाक्मा तामाङ

प्रस्तावहरु :
१. स्वागत कार्यक्रम सम्बन्धमा ।
२. योजना पुरस्कार सम्बन्धमा ।
३. विविध ।

निर्णयहरु :-

प्रस्ताव नं. १ माथी छलफल गर्दा पौवादुङमा गा.पा. मा आउनु भएको प्रमुख प्रशासकीय अधिकृत श्री रमेश राई लगायत अन्य कर्मचारीहरुलाई गाउँ कार्यपालिका –

द्वारा स्वागत कार्यक्रम सम्पन्न गरियो।

प्रस्ताव नं. २ माथि छलफल गर्दा रु दशलाख भन्दा माथिको योजना सम्पन्न भई सम्पूर्ण प्रक्रिया पुरा भई आमको पौवादुङमा गाउँपालिका वडा नं. ४ अन्तर्गतको भारतम कल्हेरे हुँदै बुलेदुङमामा जोड्ने सडक निर्माण र स्तरोन्नतीको काम सम्पन्न भई-सकेको तथा प्राविधिक मुल्याङ्कन प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन एवं वडाको अनुगमन प्रतिवेदन लगायत उपाध्यक्ष्यज्यूको नेतृत्वको अनुगमन प्रतिवेदनसमेत प्राप्त भई सकेकोले उक्त योजना फरफारक गर्ने निर्णय गरियो।

छलफल गर्ने विषय वस्तु सकिएको हुँदा बैठक समापन गरियो।

पौवादुङ्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
१ नं. प्रदेश, नेपाल

Date :

बैठक संख्या - १९ | २०७६|२०७७

मिति - २०७६|११|२२

पौवादुङ्मा गाउँकार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री किरण राई ज्यू को अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितीमा बसी तपसिलका प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

उपस्थिती

१. अध्यक्ष - श्री किरण राई
२. उपाध्यक्ष - श्री सम्झना राई
३. सदस्य - श्री जितेन्द्र राई
४. ,, - श्री बम बहादुर राई
५. ,, - श्री तिर्थ बहादुर कार्की
६. ,, - श्री पूर्ण बहादुर राई
७. ,, - श्री दल बहादुर राई
८. ,, - श्री दिपक राई
९. ,, - श्री भगवती राई
१०. ,, - श्री इन्दिरा तामाङ
११. ,, - श्री विष्णु तामाङ
१२. ,, - श्री पवित्रा कटुवाल
१३. ,, - श्री ओम प्रकाश घुमेल
१४. ,, - श्री पूर्णमाया विश्वकर्मा
१५. सचिव - श्री रमेश राई
१६. माइन्युट सहयोगी - श्री रुद्र प्रसाद फुयल

प्रस्तावहरु

१. निर्देशन सम्बन्धमा

यस सम्बन्धमा छलफल गर्दा "कोरोना भाइरसको संक्रमणबाट रोगीको लागी मेला, महोत्सव, विभिन्न कार्यक्रमहरु नगर्ने नगराउन निर्देशन जारी"

मित्रराष्ट्र चिनमा सर्वप्रथम देखापरेको कोरोना भाइरस विश्वका विभिन्न मुलुकहरुमा फैलिदै विश्वव्यापी चुनौती हुन पुगेको सन्दर्भमा उक्त भाइरसबाट संक्रमित हुनबाट बच्न यात्रा, मेला, पर्व, महोत्सव, ठुला साना सभासमारोह नगर्ने नगराउन ~~पौवादु~~ पौवादुङ्मा गा.पा. बासीमा हार्दिक अनुरोध गर्दछौं, उक्त महा -

कोरोना संक्रमण एवं जोखिमबाट जोगिन माथी उल्लेखित कार्यक्रमहरु नगरी नगराई सामुहिक तथा व्यक्तिगत सरसफाइमा ध्यान दिनुहुन अनुरोध गरिन्छ साथै पूर्वनिर्धारित कार्यक्रमहरु तत्काल बन्द गर्नुहुन सबैमा जानकारी गराइन्छ । साथै मध्यपहाडी पुष्पलाल लोकमार्ग ~~अन्त~~ अन्तरगत ति.भ को बसस्टेन्ड, हिलेभन्ज्याङ बस स्टेन्ड र [illegible] बसस्टेन्ड मा समेत सावधानी अपनाउँदै २.४ जना भन्दा बढी हुलहुज्जत नगर्ने नगराउन सम्बन्धीत सबैमा जानकारी तथा निर्देशन गर्ने निर्णय गरियो ।

आजको बैठकमा विषयवस्तु समाप्त भएकोले बैठक विसर्जन गरियो ।

Page No.: [illegible]
Date: २०७६/११/२८

पौवादुङमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
१ प्रदेश, नेपाल

बैठक संख्या - २० (०७६/७७)

अध्यक्षता श्री किरण राई (गाउँपालिका अध्यक्ष)

उपस्थिति

१. अध्यक्ष श्री किरण राई
२. उपाध्यक्ष श्री सम्झना राई
३. सदस्य श्री जितेन्द्र राई
४. -॥- श्री बम बहादुर राई
५. -॥- श्री तिर्थ ब० कार्की
६. -॥- श्री पूर्ण ब० राई
७. -॥- श्री दल ब० राई
८. -॥- श्री दिपक राई
९. -॥- श्री भगवती राई
१०. -॥- श्री इन्दिरा तामाङ्ग
११. -॥- श्री विवश तामाङ्ग
१२. -॥- श्री पवित्रा कटुवाल
१३. -॥- श्री ओमप्रकाश भुजेल
१४. -॥- श्री पूर्णमाया विश्वकर्मी
१५. सदस्य - सचिव श्री रमेश राई

प्रस्तावहरु

१. रोजगार संयोजक श्री सुमित्रा कार्कीको म्याद थप
२. रोजगार कार्यक्रम अन्तर्गतका श्रमिकको ज्याला दर निर्धारण
३. जनता आवास कार्यक्रम
४. डकर्मी र हाउस वाइरिङको तालिम प्रस्तावना लक्ष्य गरी कुनै एकै कार्यपालिकाको गरिएको दिइने सम्बन्धमा।
५. सुरक्षाग्रस्त खेडी राहत कार्यक्रम सम्बन्धमा।
६. आपाङ्गता परिचय पत्र वितरण कार्यविधि, २०७६ पारित गर्ने बारे।
७. शिक्षा सम्बन्धमा
८. विद्युत सामग्री खरिद सम्बन्धमा

पौवादुङमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याउङ्ग्रे, भोजपुर
१ नं. प्रदेश, नेपाल

नि.नं. -१

प्रस्ताव नं. १ माथि छलफल गर्दा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को मिति २०७६।११।२६ च.नं. ११६ को पत्रानुसार गत वर्षबाट रोजगार संयोजकको रुपमा कार्यरत श्री सबिता कार्कीको करार म्याद वर्ष १ (एक) थप गरी कामकाजमा खटाउने निर्णय गरियो।

नि.नं. -२

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आ.व. २०७६/७७ का लागि श्रमिकको ज्याला गाउँ सभाले निर्धारण गरेको दरेट प्रतिव्यक्ति रु. अनुसार गर्ने निर्णय गरियो।

नि.नं. -३.

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाको मिति २०७३।११।८ को बैठक संख्या १६ को निर्णय नं. १ "जनता आवास भवन निर्माण" शीर्षक अन्तर्गत निर्णय भएका ९८ घर परिवारलाई जनता आवास कार्यक्रम संचालनका लागि सम्झौता लगायतका कागजात अध्यावधिक गराउने र उक्त निर्णय प्रदेश सहरी विकास ~~डिभिजन कार्यालय~~ मन्त्रालयमा लेखिपठाउने निर्णय गरियो।

नि.नं. -४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँ सभाबाट स्विकृत हाउस वाइरिङ कार्यक्रम रु २ लाख र डकर्मी (मेसन) सम्बन्धि तालिम रु ३ लाख को कार्यक्रमका लागि प्रस्तावना तयार गर्ने, स्रोत व्यक्ति खोज्ने कार्यका लागि दुई प्राविधिक कर्मचारीहरुलाई कार्यादेश दिई यस चैत्र १० गते बाट कार्यक्रम (उक्त) संचालन गर्ने निर्णय गरियो।

नि.नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सुरक्षाग्रस्त रकडी राहत कार्यक्रम अन्तर्गत पाइँ प्रकाशपत्र आ २०७६ चैत्र १८ गते भित्र खास सुरक्षाग्रस्त परिवार एकीन गरी वडाकार्यालयहरुले सिफारिस गरी संकलित घर परिवारका अवस्थामा विनियोजित रकम समानताका आधारमा

पौवादुङमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
प्रदेश नं. १

वडा कार्यालय खड्गा तालिम लाई पेश्की लिन बाँकी लगाई फिर्ता गरी फरफाई लिने निर्णय गरियो । उक्त राहत रकमले लामग्याहीले मकैको उन्नत बीउ खरिद गरी लगाउन वडा मार्फत प्रेषित गर्ने निर्णय गरियो ।

नि.नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको अपाङ्गता परिचयपत्र वितरण कार्यविधि-२०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं. ६.

प्रस्ताव नं. ६ माथि छलफल गर्दा विद्युत सामग्री खरिद कार्यक्रम अन्तर्गत विनियोजित बजेट बाट विद्युतीय बोलपत्र द्वारा खरिद गर्ने निर्णय गरियो । न्युनतम लागत इस्टिमेट कायम गर्दा यस गाउँपालिका बाट रेट किताबमा प्रकाशन नभएको हुँदा मोरङ जिल्ला [illegible] र सुनसरी, मोरङको बजारमा ३ वटा सप्लायर्स कम्पनीको दररेट समायोजन अनुपात कायम गरी न्युनतम दर कायम गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

रमेश
प्रमुख प्रशासकीय अधिकृत